प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/२५


(बेलुका ५:०० बजे)

### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पैतालिस प्रतिशत (४५.३६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढीरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमतीप्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १०७७५५ (१००%) | ४९४११ (१००%) |
| निको भएको | ७५८०४ (७०.३%) | २८३०७ (५७.२%) |
| उपचाररत | ३१३१५ (२९.०६%) | २०८३६ (४२.१%) |
| मृत्यु भएको | ६३६ (०.५८%) | २६८ (०.५४%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२५ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२५ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/२५

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीकोसंख्याः

गत २४ घण्टामा २०२ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ जसमध्ये ५७ जना भेन्टिलेटरमा हुनुहुन्छ ।

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

काठमाण्डौ - ५, चितवन - ४, भक्तपुर - २, ललितपुर - १, मकवानपुर - १, नुवाकोट- १, सिन्धुपाल्चोक - १ (**कुल जम्मा - १५**)

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- काठमाण्डौ-६ की ६६ वर्षीया महिलालाई असोज २३ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ गते निधन भएको छ । उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मृगौला र फोक्सोको रोगले ग्रसित हुनुहुन्थ्यो । चाबहिल, काठमाण्डौका ७० वर्षीय पुरुषलाई असोज २२ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २४ गते निधन भएको छ । उहाँको असोज १८ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ मुटुको समस्याले ग्रसित हुनुहुन्थ्यो । नयाँबजार, काठमाण्डौका ७५ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज २४ गते सशस्त्र प्रहरी अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २५ गते निधन भएको छ ।उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ श्वासप्रश्वासको समस्याले ग्रसित हुनुहुन्थ्यो । भीमसेनथान, काठमाण्डौका ८३ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज ७ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २४ गते निधन भएको छ ।उहाँको असोज ११ गते कोभिड-१९ पुष्टि भएको थियो । असन, काठमाण्डौका ६० वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज ८ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २४ गते निधन भएको छ । उहाँको असोज ८ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- चितवनका उमेर नखुलाका पुरुष असोज २३ गते भरतपुर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २५मा निधन भएको छ । उहाँको असोज १७ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ निमोनियाले ग्रसित हुनुहुन्थ्यो | चितवनका ९८ वर्षीय पुरुषलाई असोज १८ गते मेडीसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २५ गते निधन भएको छ । उहाँको असोज २९ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ मधुमेहको समस्याले ग्रसित हुनुहुन्थ्यो । चितवनका ७५ वर्षीया महिला असोज २२ गते चितवन मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २५ गते निधन भएको छ ।उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेह र दमको समस्याले ग्रसित हुनुहुन्थ्यो । चितवनका ४७ वर्षीय पुरुषलाई असोज २३ गते भरतपुर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २४ गते निधन भएको छ ।उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ निमोनियाले ग्रसित हुनुहुन्थ्यो ।

- भक्तपुरका ५७ वर्षीय पुरुष असोज २२ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २४ गते निधन भएको छ । उहाँको असोज २२ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेहले ग्रसित हुनुहुन्थ्यो । भक्तपुरका ४४ वर्षीय पुरुष असोज २२ गते धुलिखेल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ गते निधन भएको छ ।उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ मुटुको समस्याले ग्रसित हुनुहुन्थ्यो ।उहाँहरुको दुखद निधन मा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।
- ललितपुरका ४९ वर्षीय पुरुषलाई हृदयघात भई असोज ११ गते नेपाल मेडिसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ गते निधन भएको छ ।उहाँको असोज ११ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ मुटुको रोगले ग्रसित हुनुहुन्थ्यो | नुवाकोटका ७७ वर्षीय पुरुष असोज ७ गते वीर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २४ गते निधन भएको छ । उहाँको असोज ६ गते कोभिड-१९ पुष्टि भएको थियो | मकवानपुरका ८५ वर्षीया महिला असोज १५ गते चितवन मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २४ गते निधन भएको छ । उहाँको असोज २० गते कोभिड-१९ पुष्टि भएको थियो । सिन्धुपाल्चोकका ६३ वर्षीय पुरुषलाई असोज १५ गते मेडिसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ निधन भएको छ । उहाँको असोज १५ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मृगौला रोगले ग्रसित हुनुहुन्थ्यो | उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७८०७ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल ३८३ जना बसिरहनुभएको छ भने १४७० जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२०६ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७५१ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ११५२१ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा १०३३९७ जनाको पिसिआर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४* | ६६९३ | २६४६६ | ३३७४३ | ११४५ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | १८५४ | ११२३४ | ४७०७ | १६१ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ८८ | १४६४ | १०७६८ | ३३५८ | ११० | |
| रसुवा | २५५ | ३ | ५ | ३५ | ३ | १ | १११२ | २६ | | |
| नुवाकोट | ५४९ | ७ | ० | ४० | ४३* | ३८ | ५१३२ | ३०९ | २५ | |
| धादिङ | ३१५ | ७ | २६ | १३७ | ३९ | १४८ | ४१६३ | ६५६ | ६ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | ७९१ | १५७७९ | ३००३ | ३ | |
| सिन्धुली | ३९२ | ५० | १७ | ४३ | ६६* | १६ | ३४२१ | २६३ | | |
| मकवानपुर | १५५ | १ | ४ | २४५ | ५० | २२३ | ११९७१ | १८५८ | ५ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ११ | १४७९ | २३९ | ४ | |
| दोलखा | १९३ | १२ | ७३ | ४४ | ८ | ० | २२३४ | १६६ | ३ | |
| काभ्रेपलान्चोक | ६७८ | २८ | १०१ | १७६ | ९० | २५५ | ५१७० | ८४३ | ४ | |
| सिन्धुपाल्चोक | ७८९ | १६ | १०१ | ५६ | २७ | २७ | ४४६८ | २४० | ४ | |
| जम्मा | ७८०७ | ३८३ | १४७० | ३२०६ | ३७५१ | ११५२१ | १०३३९७ | ४९४११ | १४७० | |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

# संक्रमितको संख्या हिजो संलग्न नगरिएको विवरण आज जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- ### संक्रमितको खोजी र फलो-अप कार्य

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २६५२७ | ३८६ | ८७ | २७ जना: मकवानपुर-२७ | ६० | |

धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन / नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई